राजगढ गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः९ संख्याः ३ मितिः२०८२ पुष २८ गते

## भाग २

## राजगढ गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८२

# राजगढ गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८२

राजगढ गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाले स्वीकृत गरेको कर्मचारी दरबन्दिको अधिनमा रहि कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि राजगढ गाउँ कार्यपालिकाले मिति २०८२/०९/२८ गते मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "राजगढ गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ।

ग. "कार्यविधि" भन्नाले "राजगढ गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" सम्झनुपर्दछ।

घ. "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ङ. "प्राविधिक कर्मचारी" भन्नाले दफा ३(२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ।

च. श्रेणी विहिन कर्मचारी भन्नाले कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, मालि, बगैंचै, सवारी चालक लगायत तोकिएको अन्य पद सम्झनु पर्दछ।

छ. "समिति" भन्नाले दफा ४ बमोजिम गठित पदपुर्ति तथा छनौट समिति सम्झनु पर्दछ।

**३. कार्यविधि लागू हुने क्षेत्र र सेवाः** (१) राजगढ गाउँपालिकाको स्वीकृत दरबन्दी भित्रका प्राविधिक तथा तहविहिन कर्मचारी यस कार्यविधि बमोजिम करारमा राख्न सकिनेछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) र उपदफा (८) बमोजिम कर्मचारी करारमा राख्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

(२) कार्यालयले देहायको सेवासँग सम्बन्धित प्राविधिक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः

(क) इन्जिनियरिङ्ग सेवासँग सम्बन्धित

(ख) कृषि सेवासँग सम्बन्धित

(ग) पशु सेवासँग सम्बन्धित

(घ) वन सेवासँग सम्बन्धित

(ङ) स्वास्थ्य सेवासँग सम्बन्धित

(च) विविध सेवासँग सम्बन्धित

(छ) अन्य कुनै प्राविधिक सेवा सँग सम्बन्धित

राजगढ गाउँपालिका

४. **पदपुर्ति तथा छनौट समितिः** (१) माग पद संख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचिकरणको सिफारिस गर्न देहायको पदपुर्ति तथा छनौट समिति समिति रहनेछः

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | संयोजक |
| (ख) अध्यक्षले तोकेको एक जना अधिकृत स्तरको कर्मचारी | सदस्य |
| (ग) गाउँपालिकाको तोकेको विषय विज्ञ | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) प्रशासन हर्ने अधिकृत स्तरको कर्मचारी | सदस्य सचिव |

५. **छनौट परीक्षाको पाठ्यक्रम र परीक्षा योजना:**

(१) विभिन्न तहको प्राविधिक पदको छनौट परीक्षाको विषयवस्तु सम्बन्धित पद, तहका लागि लोकसेवा आयोगले निर्धारण गरेको सेवा संग सम्बन्धित विषयगत पाठ्यक्रम बमोजिम हुनेछ।

(२) विभिन्न तहको प्राविधिक पदको लागि ५० वटा वस्तुगत बहुवैकल्पिक प्रश्नहरू मार्फत् लिखित परीक्षा १०० अङ्क र अन्तरवार्ता २० अङ्क गरी कुल १२० पुर्णाङ्कको आधारमा छनौट परीक्षा सञ्चालन गरिनेछ।

(३) तह विहिन कर्मचारीको छनोट अन्तरवार्ताबाट गरिनेछ र अन्तरवार्ताको अङ्क २० हुनेछ। तर सवारी चालकको हकमा प्रयोगात्मक परीक्षा लिइनेछ र पुर्णाङ्क ३० हुनेछ। अन्तरवार्ता २० र प्रयोगात्मक ३० गरी कुल ५० पुर्णाङ्कको आधारमा सवारी चालकको छनौट गरिनेछ।

(४) अन्तरवार्तामा ४० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढि अंक दिदा कारण सहितको कैफियत खोलनु पर्नेछ।

(५) लिखित परीक्षामा सहभागी उम्मेदवारले उत्तीर्ण हुनको लागि न्यूनतम ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ।

(६) उपदफा (२) बमोजिमको वस्तुगत लिखित परीक्षाको समय ४५ मिनेटको हुनेछ।

६. **योग्यता:**

(१) विभिन्न तहको प्राविधिक पदको लागि चाहिने शैक्षिक योग्यता तथा उमेर सम्वन्धमा लोकसेवा वा प्रदेश लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।
(२) व्यवसायिक दर्ता प्रमाणपत्र आवश्यक पर्ने पदका हकमा सो समेत प्राप्त गरेको हुनु पर्नेछ।
(३) तह विहीन पदको लागि चाहिने योग्यता र आवश्यक सीपहरू प्रचलित कानून वा पदपुर्ति तथा छनौट समितिले तोके बमोजिम हुनेछ ।
(४) तह विहीन पदको लागि दरखास्त आह्वान भएको अन्तिम म्याद सम्ममा उमेर १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको हुनु पर्नेछ।

७. **दर्खास्त आह्वान:**

(१) करार कर्मचारी पदपूर्ति गर्नको लागि पद, तह, आवश्यक न्यूनतम योग्यता, पारिश्रमिक, सेवाका शर्त समेत तोकी कार्यालयको सूचनापटी वा वेबसाइटमार्फत वा राष्ट्रिय वा स्थानीय पत्रिका वा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची - २ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) आवेदन फारामको नमूना अनुसूची - ३ बमोजिम हुनेछ। आवेदन दस्तुर सूचनामा निर्धारण भए बमोजिम हुनेछ।

(३) उम्मेदवारहरूले विज्ञापन प्रकाशन भएपछि तोकिए बमोजिम आवेदन दिनु पर्नेछ।

**८. लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने:**

(१) समितिले लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूमध्ये बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको वर्गानुक्रममा नतिजा प्रकाशन गर्नु पर्नेछ। कुनै पदमा एकमात्र दर्खास्त परेमा समेत छनोट सम्बन्धी कार्यप्रक्रिया अधिविदाउन बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा कम्तिमा ३ दिन पूर्व अनुसूची-६ बमोजिम सूचना जारी गरि गाउँपालिकाको वेवसाइट र सुचना पाटीमा राखिनेछ। उम्मेदवारको इमेल वा अन्य माध्यमबाट समेत जानकारी गराउन सकिनेछ। अन्तर्वार्ता कार्यक्रमको मिति, समय र स्थान समेत खुलाउनु पर्नेछ।

**९. प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने:**

(१) समितिले तोकेबमोजिम आवश्यकतानुसार प्रयोगात्मक परीक्षा समेत सञ्चालन गर्नेछ।

(२) प्रयोगात्मक परीक्षामा लिखित परीक्षाको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न सक्ने सीपको परीक्षण गरिनेछ।

(३) प्रयोगात्मक परीक्षाको पूर्णाङ्क ३० हुनेछ र सोको उत्तीर्णाङ्क ५०% हुनेछ।

(४) प्रयोगात्मक परीक्षा लिइएमा लिखित परीक्षा, अन्तरवार्ता र प्रयोगात्मक परीक्षा सहित १५० पूर्णाङ्क कायम गरी नतिजा प्रकाशन गरिनेछ।

**१०. अन्तरवार्ता सञ्चालन गर्ने:**

(१) समितिले नै लिखित परीक्षामा उत्तीर्ण भएको उम्मेदवारको अन्तरवार्ता लिनेछ। अन्तरवार्ताबाट मात्र पूर्ण हुने पदमा समितिले अन्तरवार्ता कार्यक्रम प्रकाशन गरी उम्मेदवारको अन्तरवार्ता लिनेछ।

(२) अन्तरवार्ताको लागि प्रयोग गरिने मूल्याङ्कन फारामको ढाँचा लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगले तोके बमोजिम हुनेछ।

**११. अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्ने:**

(१) समितिले लिखित परीक्षा, अन्तरवार्ता र आवश्यकतानुसार प्रयोगात्मक परीक्षामा उम्मेदवारले प्राप्त गरेको कुल अङ्क वा अन्तरवार्तामा प्राप्त गरेको कुल अङ्कको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण अनुसूची -५ बमिजिम प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोव्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सुचिकरण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ।

गाउँपालिका

**१२. करार गर्नेः** (१) कार्यालयले सूचिकृत गरेका सफल उम्मेदवार अनुसूची -५ बमोजिमको सूचनामा ७ (सात) दिनको म्याद दिई करार गर्न जानकारी दिनुपर्नेछ।

(२)उपदफा (१) बमोजिमको अवधीभित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची - १ बमोजिमको कार्य-विवरण सहित अनुसूची - ४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ। उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची - ६ बमोजिमको पत्र कार्यालयले कर्मचारीलाई दिनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम कार्यालयले कार्यविवरण दिंदा विषयगत शाखा समेत तोकी काममा लगाउनु पर्नेछ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत्या आर्थिक वर्षको श्रावण १ (एक) देखि ६ महिना सम्मका लागि करार गर्नु पर्नेछ। तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः सेवा करारमा लिनु परेमा पुनःपरिक्षण, छनौट र शुरू करार सरह मानि सम्झौता गरिनेछ।

(७) प्राविधिक कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन।

(८) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ।

**१३. कार्य शर्त, पारिश्रमिक र अवधि :** (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ। अन्य सेवा सुविधा नेपाल सरकारको नियमानुसार पाउनेछ।

(२) कार्यालयले कार्य-विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ।

तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन्।

(३) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबी गर्न पाउँने छैन।

(४) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधी एकपटकमा १ (एक) वर्षभन्दा बढी हुने छैन।

**१४. करार समाप्तीः** (१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन भई खटिई आएमा वा कानून बमोजिम प्रदेश लोक सेवाबाट सिफारिश भई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ।

(२) करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिश गरेमा अध्यक्ष वा प्रमुखले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ।

**१५. विविधः** यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

अनुसूची - १
राजगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
मधेश प्रदेश, नेपाल

कर्मचारीको पद नामः

काम गर्नुपर्ने स्थानः

कर्मचारीको नामः

सुपरिवेक्षकः

प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः

**कार्य विवरणः**

१.
२.
३.
४.
५.
६.
७.

राजगढ गाउँपालिका

अनुसूची -२
राजगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
मधेश प्रदेश, नेपाल

**करारमा सेवा लिने सम्बन्धी सूचना(नमुना)**

(सुचना प्रकाशित मिति : २०../../..)

राजगढ गाउँपालिकाको लागी ..............................(विषयगत शाखा) मा रहने गरी ..........................................................(पद) को रुपमा देहायको संख्या र योग्यता भएकोकर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.rajgadhmun.gov.np बाट उपलब्ध हुनेछ।

| पद नाम | | संख्या |
|---|---|---|
| सिभिल इन्जिनियर | | |
| सवइन्जिनियर सिभिल- | | |
| .................. | | |

**<u>२.शैक्षिक योग्यता र अनुभव (नमुना) :</u>**

१. नेपाली नागरिक।

२. न्यूनतम योग्यता (जस्तैः नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट Civil Engineeringमा स्नातक (B.E) र कुनै सम्बद्ध विषयमा विषयमा स्नातकोत्तर गरेको।

३. अनुभवको हकमा B.E उतीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा ...... वर्षको कार्य अनुभव भएको।

४. .... वर्ष उमेर पुरा भई .... वर्ष ननाघेको हुनुपर्ने।

५. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र)।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

**३. दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने।

राजगढ गाउँपालिका

अनुसूची - ३

(बुँदा ७.२ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

राजगढ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नर्घो, सप्तरी

मधेश प्रदेश, नेपाल

## करारको लागि दरखास्त फारम

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

दरखास्त फाराम भर्न चाहेको पद :-

विज्ञापन नम्बर :-

फारम पेश गरेको कार्यालय :-

**क) वैयक्तिक विवरण**

| | | | | |
|---|---|---|---|---|
| वैयक्तिक विवरण | नाम | (देवनागरीमा) | | |
| | थरः | अंग्रेजी ठुलो अक्षरमा | | लिङ्गः |
| | नागरिक्ता नं. | | जारी गर्ने जिल्लाः | जारी मितिः |
| स्थायी ठेगाना | जिल्लाः | | गा.पा./न.पा. | वडा नं. |
| | टोलः | | घर/मार्गः | सम्पर्क नं. |
| पत्राचार गर्ने ठेगानाः | | | सम्पर्क नं./इमेलः | |
| बाबु, आमाको नाम थरः | | | जन्म मितिः | |
| बाजेको नाम थरः | | | हालको उमेरः वर्ष महिना | |

**(ख) शैक्षिक योग्यता / तालिम** (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि / तालिम | संकाय | श्रेणी / प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरणः**

| कार्यालय | पद | सेवा/समूह/ उपसमूह | श्रेणी/ तह | स्थायी / अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै कारण पाएको छैन । कुनै कुरा ढाँटी वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुनेछु बुझाउनेछु ।उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्टहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर छु । साथै करारमा उल्लेखित सर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्यापचे सहिछाप | | उम्मेदवारको दस्तखत र मितिः |
|---|---|---|
| | | |
| दायाँ | बायाँ | |
| कार्यालयले भने : | | |
| रसिद/ भौचर नं. | | रोल नं. : |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजू गर्नेको नाम र दरखास्तः | | दरखास्त स्वीकृत गर्नेको नाम र दरखास्तः |

(दृष्टव्यः दरखास्त साथ सूचनामा उल्लिखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि ।

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि।

राजगढ गाउँपालिका

**अनुसूची – ४**

(बुँदा १२.२ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

**करार सम्झौता**

राजगढ गाउँकार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ..................जिल्ला, .................. नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ........................................................ (यसपछि दोश्रो पक्ष भनिएको) का बीच .....गाउँपालिका/नगरपालिकाको ................................................(इन्जिनियर) को कामकाज गर्न गराउन मिति २०७ /......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थान** :राजगढ गाउँपालिका...........।

३. **करारमा काम गरे बापत पाउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ..................(अक्षरेपी रु. .................................पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले कल्याणपुर नगरपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षितपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधिः** यो करार .........देखि लागु भई ........... सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. **प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**गाउँपालिकाको तर्फबाट :**

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छापः

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति):**

हस्ताक्षर :

नाम :

ठेगाना :

**अनुसूची - ५**

(बुँदा ११(१) सँग सम्बन्धित)
राजगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
मधेश प्रदेश, नेपाल

प.सं. -
च.नं. मिति -

विषय - नतिजा प्रकाशित गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस राजगढ गाउँ कार्यपालिका कार्यालयको मिति ............ गतेको विज्ञापन नम्बर ......... को सेवा करारमा ..............पदको प्रकाशित सूचना अनुसार मिति .......... गते भएको अन्तरवार्ता तथा शैक्षिक योग्यता, कार्य अनुभव र स्थानीयताको आधारमा प्राप्त अंक बमोजिम निर्धारण गरिएको योग्यताक्रम अनुसार तपसिल बमोजिम यो नतिजा प्रकाशित गरिएको छ ।

पद - माग संख्या -

| क्र.सं. | रोल नं. | उम्मेदवारको नाम र थर | ठेगाना | नतिजा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | सफल उम्मेदवार | |
| | | | | वैकल्पिक उम्मेदवार | |
| | | | | | |

सफल उम्मेदवारले करार सम्झौताको लागि नतिजा प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा सम्झौता गरि कार्य गर्न आउनु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम हुने व्योहोरा समेत जानकारीको लागि अनुरोध छ ।

संयोजक
पदपुर्ति तथा छनौट समिति

राजगढ गाउँपालिका

**अनुसूची - ६**

(बुँदा१२(३ )सँग सम्बन्धित)
राजगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
मधेश प्रदेश, नेपाल

च.नं. मितिः
प.सं.

श्री .......................................,
.........................

विषयः **करार सम्बन्धमा।**

तपाईलाई मिति २०..।....।... निर्णयानुसार सूचिकरण गरिए बमोजिम ............................ (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०..।....।... देखि २०..।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ।

.....................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री आर्थिक प्रशासन शाखा, राजगढ गाउँपालिका,सप्तरी।
श्री प्रशासन शाखा, राजगढ गाउँपालिका, सप्तरी।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत
राजगढ गाउँपालिका ,सप्तरी